# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोल्फुटार, काठमाण्डौं, फोन नं. ०१-४३७२७२५
३ नं. प्रदेश, नेपाल ।



**आ.व ०७५/०७६ को लागि ढुङ्गा गिट्टी, वालुवा माटो लगायतको कर तथा शुल्क संकलनको ठेक्का सम्वन्धि शिलवन्दी शिलबन्दी दरभाउ पत्र आव्हानको सुचना**

प्रथम पटक प्रकाशित मिति :२०७५/००/००

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उप दफा २ (घ) को ६ मा व्यवस्था भए वमोजिम यस बूढानीलकण्ठ नगरपालिकाबाट आ.व. २०७५/०७६ को फाल्गुन मसान्त सम्मका लागि देहाय वामोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाबाट तोकिएको दर रेटमा यस नगरपालिका क्षेत्रभित्रवाट संकलन भई आन्तरिक खपत वा अन्य नगरपालिका निकासी पैठारीका लागि वालुवा, माटो लिई गुड्ने सावारी साधन सँग नगरपालिकाबाट स्वीकृत IEE को परिणम भित्र रही तोकिएको शर्तहरुको अधीनमा रही शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक (मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको फर्म नविकरण, आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्र भएका ) फर्म, कम्पनी वा व्यक्तिवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यस नगरपालिका क्षेत्र भित्रको निम्न स्थान र क्षेत्रका लागि शिलवन्दी दरभाउ पत्र खरिद गरी पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| शुल्क तथा दस्तुर संकलन क्षेत्र | न्युनतम ठेक्का मूल्य रु | शिलवन्दी दरभाउ पत्र फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|
| धोवी ढुङ्गा बदेली देखी पञ्चकन्या दोभान सम्म | रु ५२९६५०।४० | रु १०००।०० | मु.अ.कर वाहेक |
| धावी खोला पण्डित गाँउ देखी तल संयुक्त बसपार्क सम्म | ११९१७१२।५० | रु १०००।०० | मु.अ.कर वाहेक |
| धावी खोला कामीटार क्षेत्र | ३१७७९०।०० | रु १०००।०० | मु.अ.कर वाहेक |
| चिहानेखोला कौडोल माथिल्लो क्षेत्र | ६६२०६२।५० | रु १०००।०० | मु.अ.कर वाहेक |
| चिहानेखोला सापाटार संगम कलभर्ट क्षेत्र | ११९१७१२।५० | रु १०००।०० | मु.अ.कर वाहेक |

**शर्तहरु**

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र यसै कार्यालयवाट खरिद गरि १६ औ दिनको १२.०० वजे सम्म शिलवन्दी दरभाउ पत्र दाखिला गरी सक्नु पर्ने छ र शिलवन्दी दरभाउ पत्र १६ दिनको २.०० वजे उपस्थित प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलीने छ ।

२) शिलवन्दी दरभाउ पत्र फारमा साथ धरौटी वापत कवोल अंकको ५ प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको प्रभु बैकमा रहेको धरौटी खाता न १२४००२००९५२६२५००००४ मा रकम जम्मा गरेको सक्कल भौचर वा सुचनामा जारी भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट वैक वाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको ग्यारेन्टी -विडवण्ड) पेश गर्नु पर्ने छ ।

३) शिलवन्दी दरभाउ पत्र फाराम खरिद एवं दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिने छ ।

४) प्राप्त हुन आएका शिलबन्दी दरभाउ पत्र दर्ता गर्ने म्याद सकिएको दिन प्रस्ताव दर्ताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । प्रस्ताव खोल्ने समयमा प्रस्ताव दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

५) नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आय कर , मूल्य अभिवृद्धिकर तथा शुल्कहरु प्रस्तावक स्वयंले तिर्नु पर्ने छ । कार्यालयमा वुझाउनु पर्ने सम्पुर्ण रकम र कर समेत वुझाइ सकेपछि मात्र धरौटि रकम फीर्ता हुने छ ।




Scanned by CamScanner

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोल्फुटार, काठमाण्डौ, फोन नं.: ०१-४३७२७२५
३ नं. प्रदेश, नेपाल ।



६) वालुवाको कर तथा शुल्क संकलनको लागि निम्नानुसारको दररेट निर्धारण गरिएको छ ।

| क.स | विवरण | प्रति इकाइ विक्रि मूल्य प्रदेश सरकारले तोकेको | बुढानीलकण्ठ नगरकार्यपालिकाको बैठकबाट बातावरण र पुर्वाधार शुल्क | जम्मा शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | वालुवा प्रति क्यु फीट | रु ६।०० | रु ९।०० | रु १५।०० | मु.अ.कर वाहेक |

७) आ व ०७५।०७६ को लागि कर संकलन मिति संझौतामा उल्लेख भए वमोजिम हुने छ ।

८) कुल कवोल अंकलाई दुइ किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कुल कवोल अंकको ५० प्रतिशतले हुने रकम संझौता हुनु अगावै बुझाउनु पर्ने छ र बाँकी ५० प्रतिशत रकम पौष मसान्त भित्र बुझाउनु पर्ने छ । कुल कवोल अंकको एकमुष्ट रकम संझौताको समयमानै अग्रिम बुझाएमा कवोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिने छ ।

९) शिलबन्दी दरभाउ पत्र स्विकृत भई संझौता भए पश्चात कुनै किसिमको छुट मिनाहा वा माफी दिइने छैन ।

१०) शिलबन्दी दरभाउ पत्र स्विकृत गर्ने आसयको सुचना प्रकाशित भए पश्चात निर्धारित समय भित्र कार्यालयमा संझौता गरिसक्नु पर्ने छ । तोकिएको समय भित्र संझौता गर्न नआएमा शिलबन्दी दरभाउ पत्र दाताले राखेको धरौटि जफत गरी प्रचलित कानुन बमोजिम कालोसुचीमा राख्न सिफरीस गरीने छ ।

११) शिलवन्दी दरभाउ पत्रदाताले खामको वाहिर पट्टी ठेक्काको नाम र बूढानीलकण्ठ नगरपालिका कार्यालय गोल्फुटार भनी प्रष्ट बुझिने गरी लेख्नु पर्ने छ र शिलबन्दी दरभाउ पत्र फाराममा अंक र अक्षरमा केरमेट नगरी स्पष्ट संग लेख्नु पर्ने छ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइने छ ।

१२) यस नगरपालिकाको छाप र कार्यालयको तर्फवाट प्रमाणित नभएको फारमलाई मान्यता दिइने छैन ।

१३) म्यादनाघी वा रित नपुगी प्राप्त भएको शिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाहि हुने छैन ।

१४) प्रत्यक क्षेत्रको छुटा छुटै सुचना कायम गरीएको छ ।

१५) विशेष आवस्थामा सुचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र शिलबन्दी दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।

१६) यस सम्वन्धि विस्तृत जानकारी बूढानीलकण्ठ नगरपालिका नगरकार्यपालिकाको कार्यालय,गोल्फुटार, काठमाण्डौ वाट प्राप्त गर्न सकिने छ ।

१७) अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।



Scanned by CamScanner